# फिदिम राजपत्र


## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ११ फिदिम, पाँचथर भदौ ४ गते २०८३ संख्याः ३


**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

**गाई/भैंसीमा उन्नत नश्ल सुधार सम्बन्धी मापदण्ड,२०८३**

## गाई/भैंसीमा उन्नत नश्ल सुधार सम्बन्धी मापदण्ड,२०८३

**प्रस्तावनाः**

फिदिम नगरपालिकामा उन्नत नश्ल- Sexed Semen बाट कृत्रिम गर्भाधान सेवा सञ्चालन गरी फिदिम नगरपालिकालाई दुध तथा दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै निर्यात समेत गर्न सक्षम बनाउने लक्ष्य हासिल गर्न फिदिम नगरपालिका, कृत्रिम गर्भाधान कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०८२ को परिधीमा रही Sexed Semen को प्रयोग सम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्न यो मापदण्ड तयार गरी लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम **गाई/भैंसीमा उन्नत नश्ल सुधार सम्बन्धी मापदण्ड,२०८३** रहेको छ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भएपछि तुरून्त लागु हुनेछ।

**२. परिभाषा**:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "कार्यविधि" भन्नाले फिदिम नगरपालिकाको पशुहरूमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले फिदिम नगरपालिकाको क्षेत्रभित्र उन्नत नश्ल- Conventional Semen वा Sex SortedSemen वितरण तथा प्रयोगबाट सञ्चालन हुने कृत्रिम गर्भाधान कार्यक्रमलाई सम्झनु पर्दछ।

(ग) "पेडिग्री" भन्नाले राँगा/साँढे/मांउको वंशावली (कम्तिमा दुई पुस्ता) माथिको अभिलेख विवरण सम्झनु पर्दछ।

(घ) "उन्नत नश्लको Semen" भन्नाले गाईका प्रचलित जातहरु (जर्सि/होलेस्टिन) कम्तिमा १०,००० लिटर प्रति वेत दुध उत्पादन दिने क्षमता भएका, भैंसीमा (मुर्रा/निलिराभि) कम्तीमा ४,००० लिटर प्रति वेत दुध उत्पादन क्षमता भएको (Sire र Dam) बाट जन्मेको साँढे/राँगाको Semen सम्झनु पर्दछ।

(ङ) "Semen" भन्नाले Semen स्ट्रमा कम्तिमा १.५ -२ करोड स्पर्म भएको, कुल स्पर्म मध्ये असामान्य स्पर्म बढीमा २० प्रतिशत ,०.२५ ml. विर्य भएको, जिवाणुको संक्रमण दर शुन्य भएको, साँढेको नाम/नम्वर, जात, संकलन र प्रशोधन मिति, ब्याच/लट नं तथा कृत्रिम गर्भाधान/प्रजनन् केन्द्र वा कम्पनिको नाम उल्लेख भई सोही कम्पनिबाट प्रमाणित भएको Semen सम्झनु पर्दछ।

(च) "Sexed Semen" भन्नाले X-Sorted Semen र Y-Sorted Semen कम्तिमा ४०-५० लाख स्पर्म भएको गर्भधारण दर उच्च भएको जसबाट पोथि/भाले मात्र जन्मन सक्ने क्षमता कम्तिमा ८५ देखी ९५ प्रतिशत भएको हुन पर्दछ।

(छ) "गर्भधारण दर" भन्नाले Semen प्रयोगबाट कम्तिमा ६० प्रतिशत पोथि पशु गर्भेणी हुने दर सम्झनु पर्दछ।

**३. मापदण्डको उद्देश्यः**

(१) उन्नत नश्ल - Sex Sorted Semen को प्रयोगबाट बाछा/बाछी, पाडा/पाडीको संख्या वृद्धि गर्ने।

(२) विशिष्टिकृत नश्लको विकास गरि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।

(३) गाईपालनको माध्ययमबाट कृषकहरुलाई आत्मसम्मान सहित नाफामुखी एवम् स्वरोजगार व्यवसायको रूपमा विकास

गर्ने।

**४. बजेटको व्यवस्थापनः**

(१) कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकाले वार्षिक बजेटमार्फत आवश्यक बजेट व्यवस्थापन गर्नेछ।

(२) तोकिएको मापदण्ड पुरा गरेका पशुलाई कृषकको निवेदन माग अनुसार तोकिएको लागत साझेदारीमा उपलब्ध गराउन सकिनेछ।

(३) साझेदारी रकमको सम्बन्धमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(४) साझेदारी रकम तोकिएको भएमा उक्त रकम प्राप्त भएपछि मात्र सेवा उपलब्ध गराइनेछ।

**५. Semen, औजार/उपकरण, लजिष्टिक तथा अन्य व्यवस्थापनः**

नगरपालिकाले कार्यक्रम संचालनका लागि आवश्यक Sexed Semen, उपकरण (Digital Thawing Pot/Thermometer, Heat Detector, Container, A.I. Gun, Scissors, Forceps, Semen Cutter, Seeth, Gloves, Bag, Gumboot, Apron लगायत सामग्री उपलब्ध गराउनु पर्नेछ।

**६ .कृषकले पालना गर्नुपर्ने:**

(१) Sexed Semen प्रयोग गरिएको गाई र जन्मने बाछी कम्तीमा दोस्रो बेत नभई बिक्री गर्न पाइने छैन।

**(२)** नगर क्षेत्र बाहिर बिक्री गर्नुपरेमा उपयुक्त कारणसहित वडा कार्यालयबाट अनुमति प्राप्त गरेर मात्र बिक्री गर्नुपर्नेछ।

(३) गर्भाधानको लागि पशु उत्तेजना/हिटमा आएको सामान्य लक्षण देखिएको १२ देखि १८घण्टा भित्र कृत्रिम गर्भाधान गरिसक्नुपर्ने छ। उक्त अवधि सकिनुभन्दा कम्तीमा ४ घण्टा अगावै सम्बन्धित प्राविधिकलाई जानकारी गराउनुपर्नेछ, अन्यथा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउन सम्बन्धित प्राविधिक बाध्य हुने छैन।

**७. Sexed Semen प्रयोग गर्नको लागी उपयुक्त पशु:**

(१) गाईको हकमा कम्तीमा दैनिक १५ लिटर भन्दा बढी र भैंसिको हकमा दैनिक ६ लि. भन्दा बढी दुध उत्पादन गर्ने उन्नत नश्लको पशु हुनुपर्नेछ।

(२) पशु हिटमा आएको १२ देखि १८ घण्टाभित्रको समयावधिमा हुनुपर्नेछ।

(३) परजीवी विरुद्ध नियमित औषधि खुवाएको, स्याहार सुसार राम्रो भएको र Body Condition Score कम्तीमा २.५- ३.० को सिमा भित्र रहेको हुनुपर्दछ।

(४) गर्भाधानको लागि पुन: दोहोरिएको पशुको हकमा प्राविधिकको सल्लाह बमोजिम पुन: अर्को चोटी अन्तिम पटक सेवा उपलब्ध गराउन सकिनेछ।

(५) समय समयमा पशुलाई महामारिजन्य रोग विरुद्धको खोप लगाउनुपर्नेछ।

(६) अनिवार्य पशु विमा, सुधारिएको गोठ खोर भएको हुनुपर्नेछ।

**८. प्रगतिः**

(१) Sexed Semen को प्रयोगबाट जन्मिएको सन्तानको विवरण पशु ब्याएको १ दिन भित्र सम्बन्धित प्राविधिक वा नजिकको पशु सेवा केन्द्रलाई जानकारी गराउनुपर्नेछ।

(२) प्राविधिकले प्रत्येक महिनाको पहिलो दिन, अघिल्लो महिनाको प्रगति विवरण अनुसूची १ अनुसार प्रमाणित गरी, लागत साझेदारी भए उक्त साझेदारी रकम सहित पशुपन्छी विकास शाखामा पठाउनुपर्नेछ।

(३) पशुपन्छी विकास शाखाले प्रत्येक आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षमा भएको प्रगति विवरण कार्यालय प्रमुख मार्फत नगरकार्यपालिकामा पेश गर्नुपर्नेछ।

**९. खारेजी/बचाउः**

यो मापदण्डको खारेजी र बचाउ गर्ने अधिकार फिदिम नगर कार्यपालिकामा निहित हुनेछ।

अनुसूची १

(कार्यविधिको दफा ८ सँग सम्बन्धित)

फिदिम नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

पशुपन्छी तथा मत्स्य विकाश शाखा

फिदिम,पाँचथर

**<u>कृत्रिम गर्भाधान प्रगति फर्मेट</u>**

**आ.व-..........................................महिनाः ...............................................** **प्रगति विवरण पठाएको मितिः ........................................**

| क्र.स | कृषकको नाम थर | ठेगाना | वडा नं | पशुको किसिम | | | वेत/उमेर | Semen नं.विवरण | दैनिक दुध उत्पादन क्षमता | BCS condition | कृ.ग मिति | ब्याउने अनुमानित मिति | सम्पर्क नं | पटक | गर्भ परीक्षण | | रिपिट ए.आई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पशु | जात | रङ | | | | | | | | | मिति | positive/ negetive | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

**तयार गर्नेः**

नामः

पदः

मितिः

**प्रमाणित गर्नेः**

नामः

पदः

मितिः

आज्ञाले,

कुमार प्रसाद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत